आज मिति २०८२ भाद्र २२ गते आईतवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६. का.वा. अध्यक्ष श्री सुनिल थापा मगर नं.१.

अन्य आमन्त्रित उपस्थिति

१. श्री दिपक कोइराला - सल्लाहकार

२. श्री सरोज तिवारी - निजि सचिव

३. श्री अर्जुन श्रेष्ठ - रोजगार संयोजक

४. श्री ठाकुर ढकाल - सव, इन्जिनियर

५. श्री रोशन कोइराला - MIS अपरेटर

मितिः २०८२।०५।२२ गते

**वैठकमा छलफलका विषयहरुः**

१. विपद् व्यवस्थापनका सम्वन्धमा।

२. राजश्व अभिवृद्धिका लागि घरदैलो र सोका लागि वडा सदस्यहरु परिचालन गर्ने सम्वन्धमा।

३. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा।

४. कार्यसम्पन्न भइ नगरपालिकामा पेश भएका योजना तथा कार्यक्रमको दायित्व छुट रकम भुक्तानी सम्वन्धमा।

५. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०५।२२ गते

## निर्णयहरुः

१. विपद् व्यवस्थापनका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिका विभिन्न मितिमा भएका निर्णयहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। साथै चालु आ.व. को श्रावण र भाद्र महिनामा भएको अविरल वर्षादका कारण विपद्जन्य अवस्था आई सिंचाई पाइप, कुलो, खानेपानीका पाइप तथा मुहानहरुमा क्षति पुऱ्याएको र यस प्रकारको वर्षाद्ले हुने थप क्षतिलाई न्यूनिकरणका लागि नगरपालिकाकामा प्राप्त भएका ग्याविन जालिहरु वडाकार्यालयको सिफारिस एवम् प्राविधिक मूल्याङ्कनका आधारमा उपलब्ध गराउने र विपदवाट थप क्षति हुन नदिन नगर कार्यापालिकाको कार्यालयका सम्पूर्ण शाखा, सवै वडाहरु तथा सरोकारवाला निकायहरुमा पूर्वतयारीका लागि सु-सूचित गर्ने निर्णय गरियो।

२. राजश्व अभिवृद्धिका लागि घरदैलो र सोका लागि वडा सदस्यहरु परिचालन गर्ने सम्वन्धमा।

नीलकण्ठ नगरपालिकाको चालु आ.व.मा तोकिएको राजश्वको लक्ष्य प्राप्तिलाई पुरा गर्न राजश्व अभिवृद्धिका लागि सम्पूर्ण वडाहरुमा घरदैलो कार्यक्रम तय गरी नगरपालिकाद्वारा स्वीकृत आर्थिक ऐन,२०८२ अनुसार निर्धारित दररेटको परिधि भित्र रही राजश्व संकलनको अभियान संचालन गर्ने निर्णय गरियो। साथै यस कार्यका लागि सम्वन्धित वडाहरुमा सम्वन्धित वडा समितिको अधिनमा रहने गरी वडा सदस्यहरुलाई परिचालन गर्ने निर्णय गरियो।

३. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमाः,

क. नगरपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी कार्यहरुको उचित व्यवस्थापन गरी आम नागरिकहरुले प्राप्त गर्ने पाउने सेवा/सुविधाहरुको सहज र समन्यायिक तवरवाट वितरणका लागि नगर सभावाट स्वीकृत खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन ऐन,२०८१ (संशोधन सहित) को अधिनमा रही

कार्यसम्पादन, सहजीकरण, प्रभावकारी एवम् समन्वयात्मक रुपमा कार्य सञ्चालन तथा व्यवस्थापनका लागि तयार गरिएको लागि तयार गरिएको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड कोष सञ्चालन कार्याविधि, २०८२ उपर बुदाँगत रुपमा छलफल तथा संशोधनसमेत गरी स्वीकृत गर्ने निर्णय गरियो।

४. <u>कार्यसम्पन्न भइ नगरपालिकामा पेश भएका योजना तथा कार्यक्रमको दायित्व छुट रकम भुक्तानीका सम्वन्धमाः.</u>

क. नीलकण्ठ नगरपालिकाको स्वीकृत नीति, वजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्र भित्र लिफ्ट खानेपानी तथा सिंचाइ विद्युत महशुल अनुदान (७० प्रतिशत नगरपालिकाको तर्फवाट अनुदान) र सडक वत्ती महशुल, सडक गमला, सडक विद्युत लागत साझेदारी शीर्षकमा विनियोजित वजेट अपुग भइ कार्यालयमा भुक्तानीका लागि पेश भएको नीलकण्ठ नगरपालिका वडा नं.१ काउले स्थित ठाँटिखोला लिफ्टिङ खानेपानीको गत आ.व.२०८१/०८२ मा नै भुक्तानी हुनुपर्नेमा प्राविधिक कारणवस भुक्तानी हुन नसकेकोमा सोही शिर्षकमा चालु आ.व.२०८२/०८३ मा विनियोजित रकमवाट खर्च लेखी कुल विल रकमको ७० प्रतिशत नगरपालिकाको तर्फवाट भुक्तानीहुने रकम रु ६६,५१६।- (अक्षेरुपी छैसठ्ठी हजार पाँच सय सोह्र रुपैया मात्र) सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिकाको गत आ.व.२०८१/०८२ को स्वीकृत नीति, वजेट तथा कार्यक्रम अन्तर्गत आ.व.२०८०/०८१ मा वडागत कार्यालयमा संकलन भएको राजश्वको कुल रकमको १० प्रतिशत रकम सोही वडाको विकासका लागि खर्च गर्ने गरी विनियोजन गरिएकोमा वडा नं. ८ ले प्राप्त गर्ने निश्चित रकमवाट वडा कार्यालयलाई आवश्यक पर्ने सामाग्री खरिद गरेको हुदाँ उक्त सामाग्री खरिद गर्दा लागेको खर्च गत आ.व.२०८१/०८२ मा विनियोजिन वजेटवाट भुक्तानी हुनुपर्नेमा प्राविधिक रुपमा भुक्तानी छुट भएकोमा चालु आ.व.२०८२/०८३ मा विनियोजित विविध चालु खर्च शीर्षकवाट रु ८०,०००।- (अक्षेरुपी असी हजार रुपैया मात्र) खर्च लेखी सम्वन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो।

ग. नीलकण्ठ नगरपालिकाको गत आ.व.२०८१/०८२ को स्वीकृत नीति, वजेट तथा कार्यक्रम अन्तर्गत वडागत रुपमा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत वडा नं.२ को विविध चालु शीर्षकमा रु पचास हजार विनियोजन भएकोमा सो रकमवाट वडा नं. २ मा कार्यालय प्रयोजनमा रहेको वा २ ब ९४३६ नं. को सरकारी मोटरसाइकल मर्मत गर्दा लागेको मर्मत खर्च भुक्तानीका लागि वडागत चलानी नं. १६२१ मिति २०८२/०३/०३ मा लेखी आएकोमा स्रोतको अपुग भै समयमा गत आ.व.मा भुक्तानी हुन नसकेको र चालु आ.व.मा दायित्व छुट भएको हुँदा चालु आ.व. २०८२/०८३ को विविध खर्च शीर्षकवाट खर्च लेखी सम्वन्धित मर्मतवाला फर्म (ग्यारेज) लाई रु ५००००।- (अक्षेरुपी पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

घ. नीलकण्ठ नगरपालिकाको गत आ.व.२०८१/०८२ मा रेडक्रस मार्फत व्लडवैक लगायत उपचारात्मक सहयोग शीर्षकमा विनियोजन भएको रकममध्येवाट रु १ लाख ५० हजारको नेपाल रेडक्रस सोसाइटीको च.नं.७०/०८१/०८२ मिति २०८२/०३/०८ गतेको पत्रानुसार व्लडवैकका लागि आवश्यक सामाग्री माग भएकोमा उक्त सामाग्रीहरु खरिद गरी हस्तान्तरणसमेत गरिएकोमा प्राविधिक कारण भुक्तानीको दायित्व सार्न छुट भएकोमा चालु आ.व.२०८२/०८३ को विविध खर्च शीर्षकवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।

५. <u>सहायक दर्ता किताव र सहायक चलानी किताव प्रयोग गर्ने सम्वन्धमः</u>
यस नीलकण्ठ नगरपालिकाको जिन्सी शाखाबाट हुने जिन्सी सामग्रीहरुको प्राप्ति, निकासा तथा सामाग्रीहरुको अभिलेखीकरण एवम् नियन्त्रण कार्यलाई व्यवस्थित, पारदर्शी र जवाफदेहीताका साथ प्रक्रियागत रुपमा सञ्चालन गर्न सहायक दर्ता किताव र सहायक चलानी किताव प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिएकोले जिन्सी शाखामा अभिलेख रहने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि मिति २०८२ साल भाद्र १ गते देखी लागू हुने गरी सहायक दर्ता किताव र सहायक चलानी किताव प्रयोगमा ल्याउने निर्णय गरियो।